Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार बिकास सहयोग एसडिसि

# कर्मचारी आवश्यकतासम्बन्धी सूचना

**मितिः २०७६।१२।०५ मा दोश्रो पटक प्रकाशित**

सुरक्षित आप्रवासन परियोजना (सामी), नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको द्विपक्षीय सम्झौताअनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय तहको नेतृत्वमा सञ्चालित छ । परियोजनाको लागि हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराएको छ । यस परियोजना अन्तर्गत गुल्मी जिल्लामा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्न तथा यस जिल्लाका रेसुङ्गा नगरपालिका, मुसिकोट नगरपालिका, छत्रकोट गाउँपालिका र इश्मा गाउँपालिकामा समुदायिक सचेतीकरणका कार्यक्रमहरू, मनोसामाजिक परामर्श र वित्तीय साक्षरतासम्वन्धी कार्यक्रमहरू सञ्चालनमा सहयोग पुऱ्याउनका तपसिलका स्थानीय तहहरूलाई निम्नानुसारको जनशक्ति आवश्यकता परेको हुनाले योग्य, अनुभवी नेपाली नागरिकहरूबाट तल उल्लेखित पदहरूका लागि दरखास्त आह्वान गरिएको छ ।

**१.विज्ञापन न.**०४/२०७६/०७७

**क) पद :** मनोसामाजिक परामर्शकर्ता

**ख) पद संख्या र स्थानीय तहः** ३ जना, मुसिकोट नपा-१ जना, छत्रकोट गापा-१ जना र इश्मा गापा-१ जना । २५ वर्षभन्दा माथिका महिला उम्मेदवारलाई प्राथमिकता दिईने छ ।

**ग) न्यूनतम शैक्षिक योग्यताः** न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण गरेको ।

**घ) अनुभवः** मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सोसम्बन्धी आधारभूत तालिम लिई परामर्शसम्बन्धी १ वर्षको अनुभव रहेको ।

**२.विज्ञापन न.**०५/२०७६/०७७

**क) पद : वित्तीय साक्षरता सहजकर्ता**

**ख) पद संख्या र स्थानीय तहः** ३ जना, मुसिकोट नपा-१ जना, छत्रकोट गापा-१ जना र इश्मा गापा-१ जना । २५ वर्षभन्दा माथिका महिला उम्मेदवारलाई प्राथमिकता दिईने छ ।

**ग) न्यूनतम शैक्षिक योग्यताः** न्यूनतम प्रविणता प्रमाण पत्रतहवा १०+२ उतिर्ण गरेको ।

**घ)अनुभवः** वित्तीय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको । २५ वर्षभन्दा माथिका उमेर समुहका महिला उम्मेदवार लाई प्राथमिकता दिईने छ ।

**३.विज्ञापन न.**०६/२०७६/०७७

**क) पदः** रिटर्नी स्वयंसेवक (आँशिक समय)

**ख) पद संख्या र स्थानीय तहः** (९ जना), मुसिकोट नपा-३ जना, छत्रकोट गापा-३ जना र इश्मा गापा-३ जना

**ग) न्यूनतम शैक्षिक योग्यताः** न्यूनतम कक्षा ८ पास गरेको ।

**घ) अनुभवः** खाडी मुलुक वा मलेसियामा गई कम्तिमा १ वर्ष वैदेशिक रोजगारीमा काम गरेको ।

**कार्य अवधिः** हाललाई १५ जुलाई २०२० सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्ने छ ।

**परिक्षाको किसिमः** विज्ञापन नं.०४/०६६/०७७ देखि विज्ञापन नं. ०५/०७६/०७७ को लिखित र अन्तरवार्ता एवम् विज्ञापन नं.०६/०७६/०७७ को हकमा अन्तरवार्ता मात्र।

**तलव तथा अन्य सुविधाः** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरूः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले नेपाली नागरिकताको फोटोकपी, अनुभवको प्रमाणपत्र कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरूको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी र पासपोर्ट साईजको एक प्रति फोटोका साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदनसहित सम्बन्धित स्थानीय तहहरू (रेसुङ्गा नगरपालिका/मुसिकोट नगरपालिका/छत्रकोट गाउँपालिका/इश्मा गाउँपालिका) मा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरूलाई छनौट प्रकियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रिया**

प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरूलाई मात्र लिखित (विज्ञापन नं.०६।०७६।०७७ बाहेक), प्रयोगात्मक र मौखिक परिक्षामा समावेश गरिने छ । लिखित, प्रयोगात्मक र मौखिक परीक्षा मिति २०७६।१२।१५ गते विहान ८:०० बजेदेखि रेसुङ्गा नगरकार्यपालिकाको कार्यालयमा गरिने छ ।

प्रत्येक पदमा अवसरबाट बञ्चितीकरणमा परेका समुदायहरू खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरूको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ । साथै सबै विज्ञापनको हकमा सुरक्षित आप्रवासन (वैदेशिक रोजगार) मा काम गरेको सम्बन्धित स्थानीय तहको उम्मेदवारलाई प्राथमिकता दिईने छ ।

**दरखास्त दिने अन्ति ममितिः** २०७६।१२।१२ गतेका दिन कार्यालय समयभित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिकविदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

**विस्तृत जानकारीको लागि सम्पर्क ठेगानाः** सम्बन्धित स्थानीयतहहरू (मुसिकोट नगरपालिका, छत्रकोट गाउँपालिका र इश्मा गाउँपालिका) वा संयुक्त स्थानीय तह कर्मचारी छनौट समितिको सचिवालयको सम्पर्क नं.०७९-५२०१५०/९८५७०६१७४४ वा इमेल:gautam_sp25@yahoo.com मा सम्पर्क गर्न सकिने छ ।

कर्मचारी छनोट समिति, गुल्मी

विज्ञापन नं.०१।०७६।०७७ देखि विज्ञापन नं.०५।०७६।०७७ सम्मको हकमा लिखित परीक्षा, कम्प्युटर प्रयोगात्मकको पाठ्यक्रम देहाय अनुसार गर्ने निर्णय गरियो ।

## परियोजना संयोजक, लेखा तथा प्रशासन अधिकृत, आप्रवासी स्रोत केन्द्र सुचना तथा परामर्शकर्ता पदहरुको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**प्रथम चरणः लिखित** **पूर्णाङ्कः १५**

१.वैदेशिक रोजगारीको वर्तमान अवस्था, अवसर र चुनौतीहरु

२.वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली

३.वैदेशिक रोजगार सम्बन्धि नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्थाहरु

४.सुरक्षित आप्रवासन प्रक्रिया र स्थानीय तहमा प्रभाव पार्ने मुख्य सन्देशहरु

५.आप्रवासी स्रोत केन्द्रको काम, सम्बन्धित सरोकारवालाहरु र कानुनी सहजीकरण

६.बजेट व्यवस्थापन प्रणाली र सरोकारवालाहरुबीच समन्वय र सहकार्यको महत्व

७.सहजीकरण र उत्प्रेरणा

## वित्तीय साक्षरता सहजकर्ता पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**प्रथम चरणः लिखित** **पूर्णाङ्कः १५**

१.नेपालमा विप्रेषणको वर्तमान अवस्था

२.बचत, ऋण, खर्च र आम्दानीको परिचय

३.तालिम, अभिमुखीकरण, समन्वय सहजीकरण

४.नेपालमा सहकारी, बैंक तथा वित्तीय संस्थाहरुको अवस्था, महत्व

५.घरायसी बजेट निर्माणमा प्रकृयाहरु

## मनोसामाजिक परामर्शकर्ता लिखित परिक्षाका लागि पाठ्यक्रम

**प्रथम चरणः लिखित** **पूर्णाङ्कः १५**

- वैदेशिक रोजगारी र मनोसामाजिक सहयोगको सम्बन्ध
- मनोसामाजिक परामर्शको परिभाषा, समुदायस्तरमा यसको बुझाई
- मनोसामाजिक परामर्शका आधारहरु
- वैदेशिक रोजगार र यसले बालबालिका तथा महिलाहरुमा निम्त्याएको मनोसामाजिक समस्याहरु
- लैगिंकतामा आधारित हिंसा, भेदभाव र मनोसामाजिक सहयोग
- समुहगत मनोसामाजिक परामर्श

**दोश्रो चरण:** कम्प्युटर प्रयोगात्मक पूर्णाङ्क: १०

१.देवनागरी टाइपिङ्ग

२.अंग्रेजी टाइपिङ्ग

३.फाइल सेभ

३.Create MS Excel & MS PowerPoint

**तपसील**

<table>
<tr><td colspan="4">विज्ञापन नं.०१।०२७६।०७७ देखि विज्ञापन नं.०५।०२७६।०७७ हकमा लिखित परीक्षा, कम्प्युटर प्रयोगात्मक र अन्तरवार्ता</td></tr>
<tr><th>परीक्षा</th><th>मिति र समय</th><th>स्थान</th><th>कैफियत</th></tr>
<tr><td>लिखित परीक्षा</td><td>२०७६।१२।१५<br>विहान ८:००-८:३०<br>नोटः एकभन्दा बढी पदमा छोटो सुचीमा परेको उम्मेदवारहरुलाई पहिलो पदको परीक्षा सकिने वितिकै अर्को पदको परीक्षामा समावेश गराईने छ ।</td><td rowspan="3"></td><td rowspan="3">समय हेरफेर हुन सक्ने छ ।</td></tr>
<tr><td>कम्प्युटर प्रयोगात्मक</td><td>२०७६।१२।१५<br>विहान ८:४५-१०:००</td></tr>
<tr><td>अन्तरवार्ता</td><td>२०७६।१२।१५<br>विहान १०:३०-११:१५ (वि.नं.०१।०२७६।०७७)<br>विहान ११:१५-११:४५ (वि.नं.०२।०२७६।०७७)<br>विहान ११:४५-१२:३० (वि.नं.०३।०२७६।०७७)<br>विहान १२:३०-२:०० (वि.नं.०४।०२७६।०७७)<br>विहान २:००-३:३० (वि.नं.०५।०२७६।०७७)</td></tr>
<tr><td colspan="4">विज्ञापन नं.०६।०२७६।०७७ हकमा अन्तरवार्ता मात्र</td></tr>
<tr><td></td><td>२०७६।१२।१५<br>विहान ३:३०-५:०० (वि.नं.०६।०२७६।०७७)</td><td></td><td>अन्तरवार्ताको समय हेरफेर हुन सक्ने छ ।</td></tr>
</table>